# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### भरतपुर, चितवन

### बागमती  प्रदेश, नेपाल

**आन्तरिक आय/नदीजन्य पदार्थको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७७/१०/२६)**

**सूचना न.ः-BHR/41/077/078/RIVER**

**ठेक्काको नामः ढुङ्गा, गिटी, बालुवा संकलन, उत्खनन् तथा बिक्री वितरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२), घ (६) मा भएको व्यवस्था तथा दफा ६२(क) र भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७७को दफा(१३) उपदफा(१) सँग सम्बन्धित अनुसूची-११मा उल्लेखीत दर/रेटमा नेपाल सरकारद्वरा जारी ढुङ्गा,गिट्टी, बालुवा उत्खनन,बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ तथा भरतपुर महानगरपालिकाको खानी तथा नदीजन्य पदार्थ सङ्कलन, उपयोग र बिक्री वितरण सम्बन्धी कार्यविधी, २०७५, प्रारम्भिक वातावरण परिक्षण (IEE) प्रतिवेदन-२०७७, बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७७, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (संशोधन समेत) मा भएको व्यवस्था तथा  भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७७ वमोजिम देहाय बमोजिमका नदी तथा खोलाबाट तोकिएको शर्तमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि) सङ्कलन, उपयोग र बिक्री वितरण गर्ने सम्बन्धी कार्य आ.व. २०७७/०७८का लागि प्रथम पटक शिलबन्दी बोलपत्र मार्फत ठेक्का बन्दोबस्त गराउन यो सूचना प्रकाशित गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु संलग्न गरी प्रत्येक ठेक्काको रु. ५०००।–(पांच हजार) नगदै तिरी (पछि फिर्ता नहुने गरी) E-Biddingमार्फतसार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np बाट बोलपत्र Download गरिUpload गर्न सक्ने ब्यवस्था गरिएको छ।

२. तोकिएको बोलपत्र फाराम खरिद दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको रा.वा.बैंक, रा.बा.बैक,भरतपुर स्थित हि.नं १३१०१००३०१०१०००२मा मा जम्मा गरेको भौचर बोलपत्र कागजात साथ upload गर्नुपर्नेछ।

३. बोलपत्रदाताले Downloadगरेको बोलपत्र फारममा भरि यस कार्यालयमा ३१ औं दिन ( मिति २०७७/११/२६) को १२ बजे सम्मE-Bidding मार्फतदर्ता गर्नुपर्नेछ। E-Bidding मार्फत पेश भएको बोलपत्र सोही दिनको १ :०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधी रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन।

४. तोकिए बमोजिम को धरौटी रकम यस कार्यालयको रा.वा.बैक, भरतपुरस्थित बैंक भरतपुर हि.नं १३१०१००३०३०००००२धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर, नगदै वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" श्रेणीको कुनै वाणिज्य बैकको कम्तिमा १२० (एक सय बिस) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी विड बण्ड संलग्न गरी बोलपत्र साथ पेश गर्नुपर्नेछ।

५. ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको सम्बन्धित प्राविधिक समितिबाट तोकिएको चौहद्दीबाट प्रति घन मी रु.३१७.५२(तीन सय सत्र रुपैयाँ बाउन्न पैसा मात्र ) का दरले बिक्री गर्नुपर्ने गरी संकलन तथा बिक्री शुल्क

तोकिएको छ। साथै तोकेको दर भन्दा बढी दरमा कर उठाउन र यस सूचनामा उल्लेख नभएका मालबस्तुमा कर उठाउन पाउने छैन।

६. अग्रिम रुपमा एकमुष्ट कबोल अंक दाखिला गरेमा कबोल अंकको १०(दश) प्रतिशतसम्म (न्यूनतम ठेक्का अंकमा नघट्ने गरी) रकम छुट दिन सकिनेछ। साथै ठेक्का कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम आय कर समेत थप गरी यस कार्यालयमा बुझाउनु पर्नेछ। यस बाहेक नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने कर भएमा ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ। तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।

७. ठेक्का बन्दोबस्तका लागि उल्लेख भएका खोलानालाको अवस्थाको सन्दर्भमा बोलपत्रदाताले स्थलगत भ्रमण गरी जाँची बुझी पेश गरेको मानिनेछ।

८. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र दिदा कुनै किसिमको शर्तनामा मान्य हुनेछैन साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

९. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न वा यस कार्यालयको website:www.bmc@ntc.net.np मा समेत हेर्न सकिनेछ।

१०. अन्य शर्त सम्बन्धमा विस्तृतरुपमा बोलपत्र सम्बन्धि कागजात (Bid document) उल्लेख गरिएको छ।

११. प्रचलित कानुन र महानगरले तोकेका शर्तहरु पूर्णतः पालना गरेको हुनुपर्नेछ ।

## आन्तरिक आय ठेक्का विवरण

**सूचना न .:BHR/41/077/078/RIVER**

| क.स. | ठेक्का न. | नदी तथा खोला(उत्खनन हुने क्षेत्र) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको | IEE मा तोकीएको वार्षिक परिमाण | चालू आ.बमा यस अवधिमा उत्खनन् हुने परिणाम | जम्मा रकम(प्रति घन फिट रु.९।का दरले) रु. | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | **METRO/BHR/O/NCB/71/077/078** | भरतपुर महानगरपालिका वडा.नं-१६ नारायणी नदीको बगर क्षेत्र अन्तर्गत सिद्धि गणेश सामुदायिक वन अन्तर्गत नारायणी नदी मझुवा क्षेत्र,तथा नारायणी नदीको तटिय क्षेत्र (IEE मा तोकिए बमोजिम) बाट ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान लगायतको बिक्री कर संकलन कार्य । | ६७५००घ.मी | ६७५००घ.मी | रु.२,१४,३२,६००/- | रु.२४,२३,०००/- |
| २ | **METRO/BHR/O/NCB/72/077/078** | भरतपुर महानगरपालिका-१६ स्थित ज्ञानेश्वर सामुदायिक वनको तटीय क्षेत्र/नारायणी नदीको वगर क्षेत्रबाट ढुङ्गा,गिट्टी,बालुवा,गेग्रान लगायत संकलन तथा बिक्री कार्य ।(आ.ई.ई प्रतिवेदनमा तोकिए बमोजिम) | ४००००घ.मी | ४००००घ.मी | रु.१,२७,००,८००/- | रु.१४,३८,०००/- |
| ३ | **METRO/BHR/O/NCB/73/077/078** | भरतपुर महानगरपालिका वडा.नं १ ठिमुरा अर्न्तगत त्रिशुली नदीको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी,बालुवा तथा गेग्रान संकलन तथा बिक्री कार्य ।(आ.ई.ई प्रतिवेदनमा तोकिए बमोजिम) | ६७५००घ.मी | ६७५००घ.मी | रु.२,१४,३२,६००/- | रु.२४,२३,०००/- |
| ४ | **METRO/BHR/O/NCB/74/077/078** | भरतपुर महानगरपालिका वडा.नं २९ अर्न्तगत गाईघाट तथा भोर्ले क्षेत्र त्रिशुली नदी तटिय क्षेत्र ( IEE मा तोकिए बमोजिम) बाट ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान लगायतको बिक्री कर संकलन कार्य । | २००००घ.मी | २००००घ.मी | रु.६३,५०,४००/- | रु.७,१९,०००/- |

प्रमुख प्रशासकीय अधिकृत